# यदि DACA कार्यक्रम अन्त्य हुन्छ भने मैले के जान्नु आवश्यक हुन्छ?

Allison Davenport, Lena Graber, Sally Kinoshita

राष्ट्रपति TrumpलेDefend Action for Childhood Arrivals (DACA) कार्यक्रम चाडै अन्त्य गर्दैछन् भन्ने केही रिपोर्टहरु छन् । यो समयमा, हामीलाई थाहा छैन कहिले DACA कार्यक्रम समाप्त हुन्छ कि हुन्न अथवा कार्यक्रमको अन्त्य कस्तो देखिन्छ भनेर । उदाहरणको लागि, के DACA भएकाहरु निर्वासनबाट बच्न जारी रहन्छन् र आफ्नो कार्य अनुमतिको समय सिमा नसक्किएसम्म प्रयोग गर्न सक्छन्? अथवा के DACA स्वीकृतिहरु र कार्य अनुमतिहरु खारेज गरिन्छन्? अहिलेको समयमा DACA कार्यक्रम कार्यान्वनमा अझै छ, यदि कार्यक्रम अन्त्यभयो भने निम्न कुराहरु ध्यान दिनु आवश्यक छ ।

## I. कार्य अनुमतिहरु

Employment Authorization Documents (EADs) जसलाई कार्य अनुमतिहरु भनेर चिनिन्छ, तिनीहरु प्राय सिमा समाप्त नहुन्जेल वैध हुन्छन् अथवा सरकारले मागेअनुसार फिर्ता गरिन्छन् । जबसम्म सरकारले तपाईको कार्य अनुमति फिर्ता चाहन्छ, निम्न बुँदाहरु लागु हुनुपर्छ ।

- यदि DACA कार्यक्रम अन्त्य हुन्छ तर तपाइलाई कार्य अनुमति राख्न दिइदैन भने, तपाईसँग तपाईको कार्य अनुमतिको समय अवधि नसकिएसम्म कानुनी रुपमा काम गर्ने अधिकार छ ।
- यदि DACA कार्यक्रम अन्त्य भएपनि, तपाईको रोजगारदातालाई DACA अन्त्य भएको सुचित गर्ने तपाईसँग कुनै जिम्मेवारी छैन । तपाईको रोजगारदातासँग तपाई DACA प्रापक हो अथवा कसरी तपाईले कार्य अनुमति पाउनुभयो भनेर सोध्न पाउने अधिकार छैन ।
- तपाईको रोजगारदातासँग तपाइलाई निकाल्ने अधिकार छैन, बिदामा राख्ने, अथवा तपाईको कार्य स्थिति बदल्ने अधिकार छैन तपाईको कार्य अनुमतिको समय सिमा समाप्तभएपछि । यदि तपाईको समय सिमा सकिने मिती नजिकिदैछ भने, तपाईको रोजगारदाताले तपाईसँग अपडेट गरिएको कार्य अनुमति माग्न सक्छ तर त्यसको समय सकिएपछि कुनै कारवाही तपाई बिरुद्ध लिन सक्दैन ।
- कर्मचारी भएर आफ्नो अधिकारहरु बारे जान्न थप जानकारीको लागि राष्ट्रिय आप्रवास कानुन केन्द्रबाट यो सल्लाहकार हेर्नुहोस्: https://www.nilc.org/issues/daca/daca-and-workplace-rights/.

## II. सामाजिक सुरक्षा नम्बरहरु (SSNs)

तपाईको SSN एउटा वैध SSN नम्बर हो जीवनको लागि हो, तपाईको कार्य अनुमति र DACA अनुमोदन समाप्त भएपनि ।

- तपाईले त्यसो पहिलै गर्नुभएको छैन भने, एउटा SSNको लागि निवेदन दिनुहोस् जबसम्म तपाईको DACA र कार्य अनुमति अझै वैध छन् ।
- तपाईको कार्य अनुमतिको म्याद सकिएपछि पनि तपाईले सक्नुहुन्छ र SSN प्रयोग गर्न जारी गर्नुपर्छ जुन तपाईले DACA अन्तर्गत SSN पाउनुभएको छ । तपाई शिक्षा, बैंकिंग, हाउसिंग र अन्य उदेश्यहरुको लागि SSN प्रयोग गर्न सक्नुहुन्छ ।
- तपाईको SSN मा एउटा सर्त संलग्न छ जसमा वैध कार्य अनुमति आवश्यक हुन्छ रोजगार उदेश्यहरुको लागि ।

## III. चालकको अनुमति पत्र र अन्य पहिचान कार्डहरु

यिनीहरुको योग्यता तपाई कुन राज्यमा बस्नुहुन्छ त्यसमा भर पर्छ । यदि तपाईले पहिलै त्यस्तो गर्नुभएको छैन भने, एउटा चालक अनुमति पत्र अथवा राज्य पहिचान पत्रको लागि निवेदन दिनुहोस् यदि तपाईको DACA अझै वैध छ र त्यसले तपाईलाई चालक अनुमति पत्र वा राज्यले जारी गर्ने तपाईको राज्यमा पहिचान पत्रको लागि योग्य बनाउछ ।

## IV. अग्रिम परोलमा यात्रा

DACA प्रापकहरु अग्रिम परोलमा विदेश यात्रा गर्दा सतर्क हुनुपर्छ ।

- यदि तपाई अग्रिम परोल सहित देश बाहिर हुनुहुन्छ, तपाईको अग्रिम परोल र EAD वैध हुन्जेल तत्काल फर्किन निश्चित गर्नुहोस् । यदि DACA कार्यक्रम अन्त्य हुन्छ, यो प्रस्ट छैन कि DACAमा आधारित अग्रिम परोल भएका मान्छेहरु फर्कन सक्नेछन् । सबैभन्दा सुरक्षित बाटो चाडो भन्दा चाडो फर्किनु हो, DACA अन्त्य हुने एउटा घोषणा अगाडी ।
- यदि तपाइलाई DACA अन्तर्गत अग्रिम परोल दिइएको छ तर संयुक्त राज्य छोडीसक्नुभएको छैन भने, अथवा अग्रिम परोलको लागि निवेदन दिन इच्छुक हुनुहुन्छ भने, कुनै पनि हुनसक्ने जोखिमहरु निर्धारण गर्नको लागि केही गर्नु अघि वकिलसँग कुरा गर्नुहोस् ।

## V. अन्य आप्रवास विकल्पहरु

एउटा कार्य अनुमति अथवा एउटा ग्रिन कार्डको लागि थुप्रै DACA प्रापकहरु अन्य आप्रवास विकल्पको लागि योग्य हुनसक्छन् ।

- आप्रवास सेवा प्रदायकसँग कुरा गर्नुहोस् तपाईको कानुनी विकल्पहरु बारे बुझ्न र तपाई अर्को आप्रवास फाइदाको लागि योग्य हुनसक्नुहोला भनेर बुझ्नको लागि । सस्तो आप्रवास कानुनी सेवाहरु खोज्नुहोस्: https://www.immigrationlawhelp.org
- छलपूर्ण सेवा प्रदायकहरुसँग बच्नुहोस्: उनीहरुको परिचय पत्रहरु पुष्टि गर्नुहोस्, लेखित अनुबन्धको लागि सोध्नुहोस् र कुनै भुक्तानीहरुको लागि एउटा रसिद माग्नुहोस्, र यदि तपाईसँग संकाहरु छन् भने, एउटा दोश्रो राय लिनुहोस् ।

## VI. अपराधिक समस्याहरु

कुनै अपराधिक गिरफ्तारी, अभियोग, दोषसिद्धिले तपाइलाई आप्रवास अधिकारीहरुसँग जोखिममा राख्न सक्छ ।

- कानुन प्रवर्तनसँग सपर्कबाट बच्नुहोस् जसले एउटा अपराधिक गिरफ्तारीको नतिजा ल्याउन सक्छ । यदि तपाई गिरफ्तार हुनुभयो भने, एउटा विशेषज्ञ आप्रवास वकिलसँग परामर्श लिन निश्चित गर्नुहोस् ।
- यदि तपाईसँग एउटा अपराधिक दोषसिद्धि छ भने, पत्ता लगाउनुहोस् कि त्यो तपाईसँग भविष्यमा हुने आप्रवास मामलामा प्रभाव कम गर्न तर्फ बदल्न सकिन्छ ।

## VII. तपाईको अधिकारहरु जान्नुहोस्

सबैजना- दुवै कागज गरिएका र नगरिएका व्यक्तिहरुसँग यो देशमा अधिकारहरु छन् । यदि तपाइलाई ICE ले रोक्यो वा प्रश्न गर्यो भने तपाईको चुप लाग्ने अधिकार प्रयोग गर्न सबै समयमा, एउटा रातो कार्ड बोक्नुहोस् । (https://www.ilrc.org/red-cards).

तपाईसँग संवैधानिक अधिकारहरु छन्:

- यदि एउटा आप्रवास एजेन्टले ढोका ढकढकाइरहेको छ भने ढोका नखोल्नुहोस् ।
- यदि कोही आप्रवास एजेन्ट तपाईसँग कुरा गर्न कोशिस गर्छ भने कुनारी प्रश्नहरुको जवाफ नदिनुहोस् । तपाईसँग चुप लाग्ने अधिकार छ ।
- वकिल सँग कुरा गर्नु भन्दा पहिले केहीमा पनि हस्ताक्षर नगर्नुहोस्, तपाईसँग वकिलसँग कुरा गर्ने अधिकार छ ।
- यदि तपाई घर बाहिर हुनुहुन्छ भने, एजेन्टलाई सोध्नुहोस् कि तपाई छोड्न सक्नुहुन्छ कि हुन्न, र यदि उनीहरुले हुन्छ भने भने, शान्तिपूर्वक छोड्नुहोस् ।
- यो कार्ड एजेन्टलाई दिनुहोस् । यदि तपाई घरभित्र हुनुहुन्छ भने, झ्यालबाट वा ढोका तल चिप्लाएर कार्ड देखाउनुहोस् ।

संयुक्त राज्य संविधान अन्तर्गत ५औं संशोधन अधिकारहरुमा आधारित म तपाईसँग बोल्न चाहदिन, तपाईको प्रश्नहरुको जवाफ दिन चाहदिन, अथवा हस्ताक्षर वा कुनै कागजात गर्न/दिन चाहदिन । संयुक्त राज्य संविधान अन्तर्गत ४औं संशोधन अधिकारहरुमा आधारित म तपाइलाई मेरो घर प्रवेश गर्न अनुमति दिदिन जबसम्म तपाईसँग प्रवेश गर्नको लागि वारेन्ट छ, जुन एउटा न्यायाधिस वा न्यायियिक अधिकारीले मेरो नामेमा हस्ताक्षर गरेको छ र ढोका मुनि चिप्लाएर दिनुहुन्छ ।

४औं संशोधन अधिकारहरुमा आधारित म मेरो कुनै सरसामानहरु खोज्न अनुमति दिदिन ।

म मेरो संवैधानिक अधिकारहरु उपयोग गर्न रोज्छु ।

यी कार्डहरु नागरिक र गैर-नागरिकहरुलाई समान रुपले उपलब्ध छ ।

## VIII. अपडेटहरु र सूचना

समाचार ध्यानपुर्वक पछ्याउनुहोस् र DACA र अन्य आप्रवास कार्यक्रमहरुको स्थितिको सूचनाको लागि भरपर्दो श्रोतहरुमा जानुहोस् । तपाईको DACA कार्य अनुमतिको बारे नयाँ शुल्क वा गलत सूचनाबारे घोटालाहरुमा नफस्नुहोस् । सूचनाको राम्रा श्रोतहरु मध्ये निम्न पर्छन्: www.unitedwedream.org, www.informedimmigrant.com, www.defenddaca.com, www.ilrc.org, www.nilc.org र www.weareheretostay.org.